मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

सूचना

कुरीति छ जतासुकै हिमाल,
पहाड, तराई आजैबाट रोकौं सबै
मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : १२५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत १० गते मंगलवार (Tuesday, March 23. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




आयोगको काम तीव्र

## ८० हजारलाई धनीपूर्जा

**बिर्तामोड, चैत ९।** भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबास गरिरहेका झापाका करिब ८० हजार परिवारलाई जग्गाधनी प्रमाण पुर्जा प्रदान गर्ने गरी भूमि सम्बन्धी समस्या समाधान आयोगले काम तीव्र बनाएको छ ।

सोमबार बिर्तामोडस्थित संवाद समूहको कार्यालयमा भएको छलफलमा आयोगका अध्यक्ष तथा संविधानसभा सदस्य प्रेम गिरीले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको रुपमा अनुमानित ८० हजार परिवार रहेको बताए ।

'यो आयोगले ती परिवारको भूमि सम्बन्धी समस्या समाधान गरी धनीपुर्जा प्रदान गर्छ'- अध्यक्ष गिरीले भने- 'अघिल्ला आयोग, टोली, जग्गा दर्ता समितिले अधुरा छोडेका काम समेत यो आयोगले पूरा गर्छ ।

छलफलमा उक्त विषयको सूचनालाई सर्वसाधारणको पहुँचमा सहज रुपमा पुऱ्याउने, भूमि सम्बन्धी समस्या समाधानमा राजनीतिक दल लगायत अन्य सरोकारवालासँग समेत छलफल र सहजीकरण गर्ने, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले सहज सेवा लिन सक्ने वातावरण तयार गर्ने विषयमा जोड दिइएको छ ।

अध्यक्ष गिरीका अनुसार आयोगमार्फत २० हजार फारम वितरण भइसकेको छ । अबको डेढ महिनाभित्र सबै पालिकाबाट भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन भइसक्ने अध्यक्ष गिरीले जानकारी दिए । संविधानले मौलिक अधिकारको रुपमा निर्दिष्ट गरे अनुसार सरकारले आगोग बनाएर काम शुरु गरेको बताइएको छ । आयोगले मुख्य रुपमा तीन वटा कामलाई प्राथमिकतामा राखेर अघि बढ्ने अध्यक्ष गिरीले जानकारी दिए । उनका अनुसार भूमिहीन दलित र भूमिहीन सुकुम्बासी, भोगचलन गरिरहेको




अव्यवस्थित बसोबासी र विगतका अधुरा कामलाई पुरा गर्ने छ ।

सुकुम्बासी समस्या समाधान गर्नका लागि गठित आयोगले स्थानीय तहसंग सम्झौता गरेर मात्रै काम गर्ने र स्थानीय तहलाई नै जिम्मेवार बनाएर वास्तविक सुकुम्बासीसम्म पुग्ने लक्ष्यका साथ काम भइरहेको अध्यक्ष गिरीको भनाइ छ । आयोगले ऐलानीपर्ति जग्गा र आवादी भएको जमिनको विषयमा निर्णय गरे पनि संघसंस्था तथा नेपाल सरकारकै जग्गाको विषयमा केही गर्न नसक्ने जनाइएको छ ।

आयोगका सदस्य सचिव रुद्र न्यौपानेले झापाका गौरीगञ्ज र कचनकवल बाहेक सबै पालिकासँग आयोगले सम्झौता गरी काम अघि बढाइसकेको बताए । ती दुई पालिकामा पनि सम्झौताको तयारी भइरहेको उनले बताए । न्यौपानेका अनुसार पालिकाहरुले भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणीकरण गरी संघीय सरकारको प्रतिनिधिको रुपमा रहेको जिल्लास्थित आयोगको कार्यालयमा फायल पठाउनेछन् । जिल्ला आयोगले जाँच तथा प्रमाणीकरण गरी केन्द्रीय आयोगलाई सिफारिस गर्ने र स्वीकृत भएपछि स्थानीय पालिकाले धनीपूर्जा वितरण गर्नेछन् ।

आयोगका विज्ञ सदस्य राधाकृष्ण खनालले धनीपूर्जा प्राप्त गर्ने अधिकारबाट कोही पनि सरोकारवाला वञ्चित नहुने बताए । उनले प्राविधिक जनशक्तिको अभावमा केही कामहरुमा ढिलाइ भएको बताए । खनालका अनुसार अघिल्ला आयोग, टोली, जग्गा दर्ता समितिहरुले अधुरा छोडेका सबै काम अहिलेको आयोगले पूरा गर्ने बताए । यसअघिका आयोग तथा टोलीले काम थालेर पूरा

(बाँकी अन्तिम पृष्ठमा)

## दुर्घटनामा दुई जनाको मृत्यु

**झापा, चैत ९।** झापाको बाह्रदशी गाउँपालिका-७स्थित डाँगीवारी नजिकै भएको सवारी दुर्घटनामा परी एक महिलाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बाह्रदशी गाउँपालिका-७ निवासी कमला राजवंशी रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

४८ वर्षीय सुशील राजवंशीले चलाएको मे७प ४९४१ नम्वरको स्कुटरमा सवार उनलाई ना१ख ९६२५ नम्वरको पानी बोक्ने ट्याङ्करले ठक्कर दिँदा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । उत्तरबाट दक्षिणतर्फ जाँदै गरेका राजवंशी दम्पत्ती सवार स्कूटरलाई विपरीत दिशाबाट आउँदै गरेको ट्याङ्करले ठक्कर दिँदा दुर्घटना भएको प्रहरीले

(बाँकी अन्तिम पृष्ठमा)

## सहायक सेनानी हुँ भन्दै हिंड्ने पक्राउ

**झापा, चैत ९।** नेपाली सेनाको सहायक सेनानी हुँ भन्दै हिंड्ने नक्कली सहायक सेनानी मुस्ताङ थासाङ गाउँपालिका-४ ठेगाना भएका १८ वर्षीय किशोर पोखरा महानगरपालिका-१४ चाउँथेबाट पक्राउ परेका छन् ।

सोही ठाउँस्थित निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलमा प्रवेश गरी शंकास्पद गतिविधि गरे पश्चात त्यहाँ खटिएको नेपाली सेनाको टोलीले जाँच गर्दा निज नेपाली सेनामा कार्यरत नभएको पाइएकोले उनलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रतिवेदनसहित जिल्ला प्रहरी कार्यालय कास्कीमा बुझाएको बताइएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## पहिलो चरणमा प्रदेश नं १ मा ५१ 'बीओपी' स्थापना

**बिराटनगर, चैत ९।** पछिल्लो समयमा नेपाल भारतको सीमास्थित बीओपी (बोर्डर आउट पोष्ट) स्थापना भएपछि शान्ति सुरक्षामा धेरै सहज भएको छ । खुला सीमानाका कारण अनधिकृतरुपमा नेपाल-भारत ओहोरदोहोर गर्ने मानिसको पुरानो बानीमा पनि परिवर्तन आएको बताइएको छ ।

सशस्त्र प्रहरी बस्ने गरी स्थापना गरिएको बीओपीले गर्दा नेपालतर्फ सीमा क्षेत्रमा बसोबास गर्ने मानिसले सुरक्षाको अनुभूति गर्न थालेका छन् । विगतमा चोरीडकैतीको मार खेपिरहेका सीमा क्षेत्रका बासिन्दा अहिले निर्भिकतासाथ आफ्नो व्यापार र व्यवसायमा लागेका छन् ।

विगतमा चौपायाको चोरी र अपराधका घटना सीमा क्षेत्रमा हुने गरेको तर, अहिले बीओपी स्थापना भएपछि यी समस्या हराएर गएको सुनसरी हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारीले जानकारी दिए । बीओपीले गर्दा नेपाली भूभागमा विगतमा हुने गरेका अपराधका घटनामा उल्लेखनीय कमी आएको जानकारी दिँदै झापा कचनकवल गाउँपालिकाका अध्यक्ष अञ्जरा आलमले भने- बीओपीले हामीलाई रक्षा गर्नुका साथै हाम्रो धनसम्पत्तिको पनि रक्षा गरेको छ ।

पूर्वी नेपालको भारतसँग जोडिएको इलामका सीमावर्ती क्षेत्रमा सात बीओपी स्थापना भइसकेको सशस्त्र प्रहरी बल नं. १ गण हेडक्वाटर श्रीअन्तुका सशस्त्र प्रहरी उपरीक्षक सुधिरजङ्ग थापाले जानकारी दिए । उनले इलामको कूल सीमा ५२ दशमलव दुई किमी रहेको बताए । उनले अहिले सरदर एउटा बीओपीबाट अर्को बीओपीको गस्ती गर्न सात दशमलव पाँच किमी यात्रा तय गर्नुपर्ने भए पनि सीमा क्षेत्रमा पहुँच पुगेकाले कुनै पनि अप्रिय घटना हुन नदिन सचेत एवम् गम्भीर रहेको प्रतिक्रिया दिएका छन् ।

उनले इलामको सलकपुर र समालबुङमा बीओपी स्थापना गर्न भवन निर्माणका लागि ठेक्का लागी सकेको जानकारी दिए । कालपोखरी र छब्बीसेमा बीओपी स्थापना गर्न स्थानीयवासीको सहयोगमा जग्गाप्राप्तिका लागि प्रयास भइरहेको उनले जानकारी दिए । एउटा बीओपीमा अहिले सरदर २५ देखि ३५ सशस्त्र प्रहरी छन् । उनीहरुको निगरानी र सक्रियताका कारण जनतामा आशा जागेको सशस्त्र प्रहरी उपरीक्षक थापाले बताए ।

झापामा १४४ दशमलव दुई किमीको सीमाना क्षेत्रमा १७ बीओपी स्थापना भइसकेको सशस्त्र प्रहरी उपरीक्षक रमेशकुमार पाण्डेले जानकारी दिए । झापाको सीमा लामो भएकाले यहाँ अझ २० बीओपी आवश्यकता पर्ने बताइएको छ । सरदर एक बीओपीमा २० देखि ३५ सशस्त्र प्रहरीले सीमा क्षेत्रमा आफ्ना गतिविधि र निगरानीलाई तेज पारेको छ ।

यस्तै मोरङमा आइतबार मात्र तीन ठाउँमा बीओपी स्थापना गरिएको छ । ति बीओपीलाई प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले निरीक्षण एवम् अवलोकन गर्दै उद्घाटन गरे । डाँगी, सुनवर्षीको सिकटी र धनपालको धनपतिमा बीओपी स्थापना भएपछि मोरङमा कूल ११ बीओपी पुगेका सशस्त्र प्रहरी उपरीक्षक तीर्थराज पौडेलले बताए ।

उनले मोरङको मधुमल्ला र सोराभागमा पनि बीओपीको आवश्यकता देखिएको जानकारी दिए । निकट भविष्यमा आवश्यकता भएको ठाउँमा बीओपी स्थापना हुँदै जाने उपरीक्षक पौडेलले बताए । मोरङको सीमानाको लम्बाइ ६३ दशमलव दुई किमी छ । यहाँको प्रत्येक बीओपीमा सरदर २५ देखि ३५ सशस्त्र

(बाँकी अन्तिम पृष्ठमा)

## जलेर बालकको मृत्यु

**उदयपुर, चैत्र ९।** उदयपुरको कटारी नगरपालिका-१०का सुजन थापाका तीन बर्षीय छोरा अरबिन्द्र थापाको जलेर मृत्यु भएको छ ।

घर नजिकै रहेको परालको कुन्युमा अचानक आगलागी भई उक्त आगलागीबाट घरमा समेत आगो सल्किँदा घरभित्र रहेका बालकको जलेर मृत्यु भएको हो । उक्त आगलागीबाट थापाको २ तले कच्ची घरसहित घरभित्र रहेको खाद्यान्न, लत्ता कपडा, भाँडावर्तन, नगद १ लाख ५० हजार, घर नजिकै रहेको मतान घर, बाख्राको गोठ र २ वटा बाख्राको पाठा समेत जलेर नष्ट हुँदा अन्दाजी ३० लाख बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय कटारीले जनाएको छ ।

सोही आगलागीबाट छिमेकी प्रकाश थापाको समेत घरमा आगलागी भई जलेर नष्ट हुँदा निजको घरभित्र रहेको खाद्यान्न, लत्ता कपडा, भाँडावर्तन, नगद १ लाख ५० हजार, सुन/चाँदी, घर नजिकै रहेको मतान घर, २ वटा बाख्राको पाठा र भैसीको पाडो समेत जलेर नष्ट हुँदा अन्दाजी २८ लाख बराबरको क्षति भएको छ । अर्का छिमेकी मेखबहादुर थापाको समेत घर पूर्ण रुपमा जलेर नष्ट हुँदा अन्दाजी २५ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

## भारतमा कोरोना बढ्दै

**झापा, चैत ९।** भारतमा कोरोना भाइरसबाट संक्रमित हुनेको संख्यामा फेरि वृद्धि हुन थालेको छ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा करिब ४७ हजार जना संक्रमित भएका छन् ।

गत २४ घण्टामा कोरोना संक्रमितको यो संख्या यसवर्ष शुरु भएयताको नै सब भन्दा बढी हो । यस अवधीमा कोरोना संक्रमणबाट २१२ जनाको मृत्यु भएपछि यहाँ कूल मृतकको संख्या एक लाख ५९ हजार ९६७ पुगेको सोमबार सो मन्त्रालयले जनाएको छ ।

भारतमा अहिलेसम्म कूल संक्रमितको संख्या एक करोड १६ लाख ४६ हजार ८१ पुगेको मन्त्रालयले जानकारी दिएको छ । कूल संक्रमितमध्ये तीन लाख ३४ हजार ६४६ जना अहिले पनि संक्रमित अवस्थामै रहेका छन् भने कूल एक करोड ११ लाख ५१ हजार ४६८ जना संक्रमणमुक्त भएका छन् ।

भारतमा जनवरीबाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म चार करोड ५० लाख भन्दा बढीले खोप लगाइसकेका छन् ।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा गत २४ घण्टामा ८२३ जनामा कोरोना भाइरस देखिएको र एक जनाको मृत्यु भएको हो । नयाँ दिल्लीमा कोरोना शुरु भएदेखि यता हालसम्म १० हजार ९५६ जनाको मृत्यु भइसकेको छ ।

त्यसैगरी कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषदले जनाएको छ । परिषद्का अनुसार आइतबारसम्म भारतमा २३ करोड ४० लाख भन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ । आइतबार एकै दिनमा १० लाख ६३ हजार भन्दा जनाको कोरोना परीक्षण गरिएको छ ।

## नेपालमा थप १५० जनामा कोरोना

**झापा, चैत ९।** देशभर पछिल्लो २४ घण्टामा थप १५० जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय चार हजार ४७२ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । त्यस्तै पछिल्लो समय कोरोनाका कारण तीन जनाको मृत्यु भएको छ ।

नेपालमा हालसम्म कोरोना भाइरस सङ्क्रमित दुई लाख ७६ हजार ५६ पुगेका छन् । त्यस्तै पछिल्लो समय थप ९९ जना निको भएका छन् । यससँगै निको हुने दुई लाख ७२ हजार २० र निको हुने दर ९८ दशमलब ५ प्रतिशत छ ।

(बाँकी अन्तिम पृष्ठमा)

कनकाई आदर्श क्याम्पस, विर्तामोड झापाको

**बोलपत्र खोलिने सम्बन्धी जरुरी सूचना**

यस आदर्श क्याम्पस बिर्तामोडद्वारा विद्युतीय सामग्री जडान गर्नको लागि मिति २०७७/११/२७ मा प्रथमपटक सूचना प्रकाशन भए बमोजिम प्राप्त हुन आएका शिलवन्दी वोलपत्र तपशिलको मिति, समय र स्थानमा खोलिने भएको हुँदा वोलपत्रदाताहरुलाई उपस्थित हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**
**मिति :** २०७७/१२/१३ गते शुक्रवार
**समय :** विहान १० बजे
**स्थान :** कनकाई आदर्श क्याम्पस बिर्तामोड, झापा

**कनकाई आदर्श क्याम्पस, बिर्तामोड, झापा**
**फोन नं. :०२३-५४००५५ र ०२३-५४००९५**

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**



# कृषकलाई विद्युतीय स्प्रे ट्याङ्की वितरण

**विनोद पाण्डे**

**चारपाने, चैत ९।** झापाको कनकाई नगरपालिकाले स्थानीय कृषकहरुलाई विद्युतीय स्प्रे ट्याङ्की वितरण गरेको छ।

सोमबार नगरपालिकाको कार्यालयमा आयोजित एक कार्यक्रममार्फत नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले कृषकहरुलाई ट्याङ्की वितरण गरेका हुन्।




कनकाई नगर कृषि विकास समितिको आयोजनामा आयोजित ट्याङ्की वितरण कार्यक्रममार्फत पहिलो दिन कृषि समूह, व्यवसायिक तरकारी खेती गर्ने कृषक, सामुहिक खेती गर्ने कृषक र टोल विकास समितिबाट प्रतिनिधित्व गरेर आउने वडा नम्बर ३ का ६०, वडा नम्बर ४का ७५, ६ नं. वडाका ६०, ७ नं. वडाका ५५ र वडा नम्बर ८का ३२ जना कृषकहरुलाई २ सय ८२ वटा विद्युतीय स्प्रे ट्याङ्की सहुलियत दरमा वितरण गरिएको हो।

नगरका ९ वटा वडामध्ये ४ नम्बर वडाका लागि ७५ वटा, ५ नम्बर वडाका लागि ७० र बाँकी सबै वडामा ६० वटाका दरले ट्याङ्की वितरण गरिने नगर प्रमुख पोखरेलले जानकारी दिए। कार्यक्रममा बोल्दै नगर प्रमुखले जम्मा ७ सय २ वटा ट्याङ्की नगरपालिकाले खरिद गरेको बताउँदै पहिलो दिन २ सय ८२ वितरण गरिएको र बाँकी ट्याङ्कीहरु वडाको सिफारिसमा वितरण गरिने जानकारी दिए।

नगरपालिकाले कृषकहरुलाई ४ हजार ५ सय बजार मूल्य पर्ने ट्याङ्की थोक मूल्य ३ हजार ३ सयमा किनेर उक्त लागतको आधा रकम १ हजार ६ सय ५० रुपैयाँ कृषकबाट लिएर वितरण गरेको आर्थिक समिति संयोजक देवेन्द्रकुमार दर्जीले बताए। ट्याङ्की वितरणको लागि नगरले १२ लाख रकम छुट्याएको थियो।

# वडा कार्यालयको भवन शिलान्यास

**झापा, चैत ९।** झापा गाउँपालिकाको वडा नम्बर ३को वडा कार्यालय भवनको सोमबार शिलान्यास भएको छ।

निर्माण हुन लागेको ५ कोठे सुविधा सम्पन्न भवनको गाउँपालिकाका अध्यक्ष जयनारायण साहले शिलान्यास गरेका हुन्। झापा गाउँपालिका वडा नम्बर ३ कामाटोली बजार नजिकै निर्माण हुन लागेको उक्त भवनको शिलान्यास गर्दै अध्यक्ष साहले गाउँपालिकालाई नेपालकै नमूना बनाउनका लागि अथक प्रयासहरु भइरहेको बताए।

हाल झापा गाउँपालिकामा बिकाश निर्माणका ठूला योजनाहरु सञ्चालन गर्नु पूर्व बिकासका पूर्वाधारहरुलाई सुदृढ बनाउन अत्यावश्यक भएकाले गाउँपालिकाले पूर्वाधारहरुमा जोड दिएको उनले बताए।



एकपटक हाम्रो गाउँपालिका बिकासका पूर्वाधारहरुले भरिपूर्ण भइसकेपछि यहाँ कुनै पनि किसिमको योजनालाई कार्यान्वयन गर्न अत्यन्त सहज र सजिलो हुने र नमूना गाउँपालिका बनाउने सपना पूरा गर्न सजिलो हुने उनको भनाइ थियो।

लगभग ३६ लाख ९३ हजार रुपैयाँको लागतमा निर्माण हुन लागेको उक्त सुविधा सम्पन्न भवनका कारणले निकट भविष्यमा दिगो समयसम्म सेवाग्राहीहरु लाभान्वित हुने वडा नम्बर ३का वडाध्यक्ष मोतीलाल गणेशले बताए।

गाउँपालिकामा अन्य विभिन्न ठाउँमा अनेक किसिमका बिकास निर्माणका योजनाहरु सञ्चालित अवस्थामा रहेको र निकट भविष्यमा समयले भ्याएसम्म विभिन्न योजनाहरु सञ्चालन गरिने गाउँपालिका अध्यक्ष साहले बताए।

# युवा उद्यमीका लागि महिला सशक्तिकरण कार्यशाला




**बिर्तामोड, चैत ९।** भिप्रा एड्भरटाइजिङ्ग प्रालिको सहकार्यमा एरिना इभेण्ट मिडिया प्रालिद्वारा आयोजित तीन दिने महिला सशक्तिकरण कार्यशाला सोमबारबाट झापाको बिर्तामोडस्थित होटल सिद्धार्थ ग्राण्ड सिटीमा शुरु भएको छ।

बिर्तामोड क्षेत्रका युवा महिला उद्यमी, बिद्यार्थी र बैदेशिक रोजगारीबाट फर्किएका महिलाहरुको सहभागिता रहेको सो कार्यशालामा उत्प्रेरणा, सुरक्षा, कृषि प्रविधि, व्यवसाय प्रवर्द्धन, साइबर क्राइम, व्यक्तित्व बिकास, लैंगिक समानता, आत्मनिर्भरताका उपायहरुका बारेमा प्रशिक्षण प्रदान गरिने कार्यक्रम संयोजक केशवकुमार कार्कीले बताए।

भिप्राका कार्यकारी निर्देशक बिमल राजवंशीको सभापतित्व र सहारा नेपालका कार्यकारी अधिकृत महेन्द्रकुमार गिरीको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित महिला प्रतिनिधिहरुलाई सम्मान गरिएको थियो।

यसरी सम्मानित हुनेहरुमा जनसम्पर्क उपाध्यक्ष नैनकला भट्टराई, सहकोषाध्यक्ष राधिका चुडाल हुमागाँई र सदस्यहरु तुलसा ढकाल र रुची शिवाकोटी रहेका छन्। सोही समारोहमा क्रिष्टिना प्रसाई र महिला उद्यमी दीपा खरेललाई पनि सम्मान गरिएको थियो।

कार्यक्रममा एक्सेल डेभलपमेण्ट बैंकका सिइओ दिनेशकुमार पोखरेल, नेपाल पत्रकार महासंघ झापाका पूर्व सभापति कृष्ण हुमागाँई, बाल्मीकि लिंकन कलेजका किशोर बस्नेत लगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको सञ्चालन संस्कृति रिजालले गरेका थिए।

# सेमीमा आयोजक र रेडहर्स भीड्दै

**धुलाबारी, चैत ९।** झापाको धुलाबारीमा जारी चौथौ प्रदेश नम्बर १ स्तरीय रोलिङ्ग च्योलेञ्ज कप फुटबल प्रतियोगिताको पहिलो सेमीफाइनलमा आयोजक रोलिङ्ग क्लब धुलाबारी र रेड हर्स इलाम भीड्ने भएका छन्।

सोमबार भएको तेस्रो क्वाटर फाइनल खेलमा आयोजक रोलिङ्ग क्लबले सशस्त्र प्रहरी बल पकलीलाई ५-२ गोल अन्तरले पराजित गरेसँगै आयोजकले रेडहर्ससँगको भेट पक्का गरेको हो।

रोलिङ्गका लागि अजय राजवंशीले खेलको पहिलो हाफको २५ औं मिनेटमा पहिलो गोल गर्दै टिमलाई अग्रता दिलाए। आयोजककै लागि पहिलो हाफको ४७औं मिनेटमा तीर्थ बस्नेतले गोल गर्दै अग्रता दोब्बर पारे।

दोस्रो हाफको ५१औं मिनेटमा विदेशी खेलाडी पेपेले टिमका लागि तेस्रो गोल गर्दै अग्रता ३-०को कायम गरे। टिमका लागि पहिलो गोल गरेका राजवंशीले ६१ मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दा टिमले अग्रता ४-० पुर्‍यायो। आयोजक रोलिङ्गका लागि अन्तिम तथा पाँचौं गोल विदेशी खेलाडी फोफोनाले ६४ औं मिनेटमा गर्न सफल भए। पकलीका लागि दुबै गोल समिर राईले गरे। राईले दोस्रो हाफको ७२औं र ९०औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता घटाएर २-५ को अवस्थामा ल्याए।

सोमबारको खेलमा २ गोल गरेका अजय राजवंशी म्यान अफदी म्याच घोषित हुँदै नगद ५ हजार प्राप्त गर्न सफल भए। प्रतियोगिता अन्तर्गत मंगलबार अन्तिम क्वाटरफाइनल खेलमा कर्णसिंह सोनाम फुटबल क्लब ताप्लेजुङ र चारआली धाइजन फुटबल क्लबबीच हुने आयोजकले बताएको छ।

प्रतियोगिताको बिजेताले नगद २ लाख र उपबिजेताले नगद १ लाख प्राप्त गर्नेछ। धुलाबारी माविको खेलमैदानमा जारी प्रतियोगिताको फाइनल खेल चैत १४ गते हुनेछ।

# जौहरको तीब्र आलोचना



२०२० मा लामो लकडाउन र कोभिड-१९ को कारण धेरै स्टारकिड्सले बलीउडमा आफ्नो डेब्यू गर्न सकेनन्।

तर यस वर्ष केही स्टारकिड्सले फिल्ममा प्रवेश गर्ने सपना देखिरहेका छन्। यस सूचीको शीर्ष नाम बलिउड अभिनेता संजय कपूरकी छोरी शनाया कपूर हुन्। शनायाले करण जौहरको फिल्मबाट डेब्यू गर्नेछिन्। शनायाले सोसल मिडियामा यो खुलासा गरेकी छिन्।

शनायालाई बलिउडमा ल्याउने खबर बाहिरिएसँगै करण जौहर भने तीब्र आलोचनामा परेका छन्। बलिउडमा धेरैजसो स्टारकिडहरुलाई करण जौहरको धर्मा प्रोडक्सनले लञ्च गर्ने गरेको छ। यही कारण करणलाई नातावाद र परिवारवादको पक्षपोषण गरेको आरोप लागिरहन्छ। शनायालाई फिल्ममा ल्याउन लागेपछि पनि करणको तीब्र आलोचना भएको छ। आलोचकले उनलाई 'नेपोटिज्मका देवता' ट्याग भिराइदिएका छन्।

# पोशाक र स्कूल व्याग पाएपछि विद्यार्थी दंग

**झापा, चैत ९।** भारतीय सीमावर्ती नाकासँग जोडिएको भद्रपुर नगरपालिका-३ स्थित मेचीपारि आधारभूत विद्यालयमा अध्ययनरत् विद्यार्थीले विद्यालय पोशाक र स्कुल ब्याग पाएपछि दङ्ग परेका छन्।



मेचीपारि गाउँका सीमान्तकृत आदिवासी र मधेसी समुदायका बालबालिकाहरू अध्ययनरत् मेचीपारि आधारभूत विद्यालयमै पुगेर स्व. ओमप्रकाश गोयलको स्मृतिमा उनका भाइ भद्रपुर-६ निवासी उद्योगपति दिनबन्धु गोयलले पोशाक र स्कुल ब्याग वितरण गरेपछि विद्यार्थीहरू दङ्ग परेका हुन्।

विद्यालयमा सोमबार आयोजित एक कार्यक्रमकाबीच उद्योगपति गोयल र भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठले विद्यालयमा जडित विद्युतीय खानेपानी फिल्टरको पानी बिद्यार्थीलाई खुवाएर कार्यक्रमको उद्घाटन गरेका थिए। धारा नभएको गाउँमा विद्यार्थीले स्वच्छ र सफा खानेपानी पिउने उद्देश्यले विद्यालयलाई एक थान विद्युतीय फिल्टरसहित धाराका सामग्री समाजसेवी समेत रहेका गोयलले उपलब्ध गराएका थिए। गोयलले विद्यालयमा अध्ययनरत् बाल कक्षादेखि कक्षा ७ सम्मका सम्पूर्ण विद्यार्थीलाई पोशाक र ब्याग उपलब्ध गराएका हुन्।

उद्योगपति गोयलले भद्रपुरका सामुदायिक विद्यालयहरूलाई बर्षेनि शैक्षिक सामग्रीहरू उपलब्ध गराउँदै आएका छन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अनय राजवंशीको अध्यक्षता तथा मेयर जीवनकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ३का अध्यक्ष कमला थुलुङ, वडा सदस्य अरुण राजवंशी, विद्यालयका संस्थापक शिक्षक कैलाश राई लगायतले शुभकामना मन्तव्य राखेका थिए।

विद्यालयका प्रधानाध्यापक चमकलाल राजवंशीले स्वागत मन्तव्य राख्दै विद्यालयको अवस्थाको बारेमा जानकारी गराएको कार्यक्रममा शिक्षक, अभिभावक, बिद्यार्थी र पत्रकार लगायतको उपस्थिति रहेको थियो। केही दिन अघि मेचीपारि गाउँका ९ जना छात्रालाई लायन्स क्लब अफ भद्रपुरले निःशुल्क साइकल प्रदान गरेको थियो।

# बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं, चैत ९।** बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-३० ठहिटी घर भई ललितपुर, ललितपुर महानगरपालिका-१५ नखिपोट बस्ने ४१ वर्षीय पूर्ण लामालाई प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत पाटनको २०७७ मंसीर ७ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा १५ दिन कैद र विगो बमोजिम २० लाख रुपैयाँ जरिवाना ठहर भएकोमा सजाय बेरुजू रही फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले ललितपुर जावलाखेलबाट पक्राउ गरेको हो।

लेजर इन्फोटेक नेपाल प्रालि नामक कम्पनीलाई आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी जानी झुक्यानमा पारी सानिमा बैंक लिमिटेडमा रहेको लामाको बचत खाताबाट भुक्तान हुने गरी उक्त रकम बराबरको चेक काटी पीडितलाई दिएकोमा बैंकिङ कसूरजन्य अपराध गरेको ठहर गरी उच्च अदालत पाटनबाट उक्त सजाय हुने गरी फैसला भएको थियो।

उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको उक्त व्यूरोले जनाएको छ।

## भारतमा ...

अहिले देशभर एक हजार १७ सक्रिय सङ्क्रमित छन्। उनीहरुमध्ये ५० जना क्वारेन्टिनमा तथा अन्य आइसोलेशनमा छन्। हालसम्म नेपालमा २२ लाख ४० हजार ९८९को पीसीआर परीक्षण भएको छ। हालसम्म तीन हजार १९ जनाले कोरोनाको कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

## ८० हजारलाई ...

नगरेको सन्दर्भमा सम्बन्धित जग्गा भोग गर्नेहरुले यही चैत १५ गतेभित्र जिल्ला समन्वय समितिमा रहेको आयोगको कार्यालयमा निवेदन दिइसक्न पनि आह्वान गरिएको छ। अधुरा काम सम्बन्धी आठ सय जति निवेदन आइसकेको र त्यस्ता निवेदन एक हजारभन्दा बढी हुन सक्ने बताइएको छ।

संवाद समूहको संयोजनमा भएको छलफलको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए। आयोगले काम गर्ने सिलसिलामा विवाद आए समाधानका लागि संयन्त्र बनाउने बारेमा पनि छलफल भएको छ। छलफलमा सहभागी अन्यले विभिन्न जिज्ञासा तथा सुझाव राखेका थिए। पत्रकार महासंघ झापाका पूर्वअध्यक्ष कृष्ण हुमागाँईले हरेक परिवारमा अहिले भूमि सम्बन्धी समस्या रहेको हुनाले समाधानका लागि आयोग जिम्मेवार ढंगले अघि बढ्नुपर्ने बताएका छन्। कान्तिपुर टेलिभिजनका झापा संवादाता गणेशमान मुखिया, लक्ष्मी लुइँटेल, रेजिना गौतम, सुशीला संग्रौला, लीलाराज झापाली, शेखर सेढाईं, लगायतका पत्रकारले सुकुम्बासी आयोगका अधिकारका विषयमा जिज्ञासा राखेका थिए।

## पहिलो ...

प्रहरी खटिएका छन्।

सुनसरीमा हालसम्ममा १० बीओपी स्थापना भइसकेका सशस्त्र प्रहरी उपरीक्षक माधवप्रसाद पौडेलले जानकारी दिए। उनले भोक्राहा गाउँपालिका र बर्जुतालको हर्मोनीस्थित बीओपी निर्माणाधीन अवस्थामा रहेका जनाउँदै सुनसरीमा आवश्यकता अनुसार बीओपी राज्यले स्थापना गर्दै जाने बताए। सुनसरीको कूल सीमानाको लम्बाइ ६१ दशमलव आठ किमी छ। सरदर प्रत्येक बीओपीमा २५ देखि ३५ सशस्त्र प्रहरी बसेका छन्।

सशस्त्र प्रहरी बल नं. १ बराह बाहिनी मुख्यालय सुनसरीमा प्रदेश नं १ मा पहिलो चरणमा ५१ बीओपी स्थापना भइसकेका छन्। नेपाल भारतको सीमाक्षेत्र इलाममा सात, झापामा १७, मोरङमा ११ सुनसरीमा १० र चीनतर्फको सीमाना अन्तर्गत ताप्लेजुङमा एक, पाँचथरमा चार तथा संखुवासभामा एक बीओपी स्थापना भइसकेको बताइएको छ।

## दुर्घटनामा ...

जनाएको छ। घाइते सुशीलको बिर्तामोडस्थित विएण्डसी अस्पतालमा उपचार भइरहेको बताइएको छ।

उता मोरङको कटहरी गाउँपालिका-३ मा टिपरको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को १ ख ४७८३ नम्बरको टिपरले साइकलमा यात्रा गरिरहेका कटहरी गाउँपालिका-२ का ३६ बर्षीय बच्चु डुमलाई ठक्कर दिँदा घाइते भएका उनको कोशी अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। साइकललाई ठक्कर दिने टिपर तथा चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ।

## सहायक ...

उनको साथबाट नेपाली सेनाको सहायक सेनानी दर्जाको दर्ज्यानी चिन्ह सहित पोशाक (चुस्ता), बुट, श्री भगवतीदल गण पोखरा लेखिएको परिचयपत्र १ थान, फ्लाईरोज लेखिएको कालो रंगको नक्कली वाकिटकी रेडियो सेट १ थान, १ थान मोबाइल र रमेश श्रेष्ठको नामको नेपाली नागरिकताको प्रतिलिपि १ थान बरामद भएको छ।

उनी उपर लिखत सम्बन्धी कसूर अन्तर्गत जिल्ला अदालत कास्कीबाट ७ दिन म्याद थप भई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।


**आकर्षक फ्ल्याट भाडामा**

बिर्तामोड शनिश्चरे रोडस्थित **३ कोठामा एटेच बाथरूम, पार्टी हल, किचन,** लेण्डलाइन टेलिफोन, फिल्टर जडित खानेपानी, कम्पाउण्डवाल, पार्किङको सुविधासहित अफिस, सहकारी, मेडिकल ल्याव, रेष्टुरेण्ट, लज, कन्सल्टेन्सी, मेनपावर एजेन्सीहरुको लागि उपयुक्त फ्ल्याट भाडामा रहेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**मो. ९८६३६०५२९२/९८०४९५९९२७**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**हार्दिक श्रद्धाञ्जलि**

जन्म : वि.सं. २०१७/०७/०८



निधन : वि.सं. २०७७/११/२७

**स्व. देवेन्द्रकुमार श्रेष्ठ**

श्री मोहनमामाया माध्यमिक विद्यालय, विर्तामोड-२, झापाका पूर्व प्रधानाध्यापक श्री विन्दु श्रेष्ठ ज्यूको पति **देवेन्द्रकुमार श्रेष्ठ**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। साथै यस दुखद् घडीमा शोक सन्तप्त परिवारमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं।

**शेरबहादुर श्रेष्ठ** प्रधानाध्यापक | **देवीप्रसाद गिरी** संयोजक, शि.अ.स. | **नारायण राजवंशी** अध्यक्ष, वि.ब्य.स.

एवम् **मोहनमाया माध्यमिक विद्यालय परिवार**
बिर्तामोड-२, झापा

**अर्जुनधारा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

**सँधियारका नाममा जारी गरिएको सात दिने सूचना**

अर्जुनधारा नगरपालिका वडा नं. ११ का कृष्णमाया गुरुङ कि.नं. ४१२८ को ०-०-१० क्षेत्रफल जग्गामा निर्माण भएको आर सीसी को को स्थलगत सजमीन गर्न जाँदा तपाईं निम्नानुसारका सँधियार अनुपस्थित भएकोले निवेदकको घरले सँधियार, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन्छ/हुँदैन हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ। अन्यथा नियमानुसार काम, कारवाही हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ।

निम्न

| दिशा | सँधियारको नाम, थर | सर्जमिन | नक्सा दर्ता | कैफियत |
|---|---|---|---|---|
| पूर्व | श्री देवी तामाङ र छाया देवी माङ्मो | | | |
| पश्चिम | श्री रुद्रबहादुर चेम्जोङ र प्रवीन श्रेष्ठ | | | |
| उत्तर | श्री बाटो | २०७७।११।२६ | २०७७।११।०७ | |
| दक्षिण | श्री शम्भु विलास पाठक | | | |

**वितरक चाहियो**

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

नोटः साइकल भएको १ जना, पाँच हजार सेलरी।

**सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००**

**कर्मचारी आवश्यकता**

यस पूर्वाञ्चल दैनिकको लागि बिर्तामोड एरियामा विहान पत्रिका वितरण गर्न केही कर्मचारी आवश्यक भएकोले आफ्नै साइकल भएका स्थानीयले तु-सम्पर्क गर्नुहोला।

१) तलबः आपसी समझदारीमा
२) समयः विहान ५-७:३० बजेसम्म

**सम्पर्कः ९८०७९१०२२२, ९८४२६९६११२**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# राज्यले खबरदारी गरोस्

**न्याय प्रणालीको मान्यता छ– निर्दोषीले सजाय नपाओस् र दोषीले उन्मुक्ति नपाओस् । तर, यो मान्यता जहिल्यै सिद्ध हुने गरेको छैन । इलाम जिल्ला माई नगरपालिका–१०, लुम्बाकका दुर्गाप्रसाद तिम्सिना 'दीपक'का हकमा यो मान्यता चरितार्थ भएन । व्यक्ति हत्याको आरोप लगाइएका दुर्गाप्रसाद भारत पश्चिम बंगालको दार्जीलिङबाट पक्राउ परेका थिए । आफ्नो सम्पूर्ण सक्रिय र ऊर्जाशील उमेर अप्रमाणित मुद्दामा ४० वर्ष कैद भुक्तान गरी उनी शुभेच्छुक तथा स्वयम्सेवी संस्थाहरुको सहयोग र पहलमा मुक्त भएका छन् । आइतबार नेपाल प्रवेश गरेका उनी घर पुगिसकेका छन् । झुठो मुद्दामा फसाइएका उनी पछिल्लो समय राज्यको राजधानी कोलकातास्थित दमदम जेलबाट मुक्त भएका हुन् । वि.सं. २०३७ सालमा कामको खोजीमा भारतको दार्जीलिङ पुगेका दीपक तत्कालीन गोर्खालेण्ड प्राप्तिको आन्दोलन उत्कर्षमा रहेका समय हत्याको आरोपमा पक्राउ परेका थिए ।**

**पूर्वीय दर्शनमा भगवानलाई सर्वशक्तिमान र उद्धारकका रुपमा सम्मान गरिन्छ । त्यही कारण भन्ने गरिएको छ– भगवानको घर पुग्न ढीला हुन्छ, तर पुगेपछि अन्यौल र अनिश्चित हुँदैन । त्यही विश्वास र मान्यता दीपकको जीवनमा चरितार्थ हुन पुगेको छ । ढीला भए पनि उनले व्यग्र प्रतिक्षारत् आमाको वात्सल्यमयी काख पाए र परिवारको असीम स्नेह, सानीध्य र स्पर्श पाए । चार दशकदेखि सम्पर्कविहीन दीपक र उनको परिवारलाई यस्तो सुखद् क्षणको अनुभूति गराउने उनीसँगै कारागारमा रहेका राधेश्याम दास र बंगला रेडियो क्लव नै हुन् । उनीहरु मार्फत विभिन्न सञ्चारमाध्यम हुँदै निरपराध व्यक्तिले कैद भुक्तान गर्नु परेको समाचार मार्फत हराएका मानिसको खोजीमा सघाउ पुऱ्याउने संस्था विश्व सेवा विस्तारका प्रतिनिधि इन्द्र बस्नेतको पीडित दीपकको परिवारसँग सम्पर्क भएपछि पहिचान गरिएका उनी लामो कारागार बसाइ र यातनाका कारण अशक्त छन् ।**

**अभियोग प्रमाणित नभई यति लामो थुनामा बस्ने दीपक रिहा हुनु सम्बद्ध परिवारका लागि मात्रै होइन सबैका लागि सकारात्मक र सुखद् अवस्था हो । तर, यो उनीमाथिको न्याय भने होइन । सम्पूर्ण उमेर र ऊर्जा 'नखाएको विष' लागेर कालकोठरी त्यो पनि अर्काको देशमा थुनिनु पर्दाको पीडालाई कुनै भौतिक वस्तुले कम गर्न सक्दैन । तर, पनि आरोप लगाएकै आधारमा जेल राख्नु न्याय सम्पादन गर्ने अङ्गको कमजोरी हो । त्यसकारण नेपाल सरकारले भारत सरकारसँग उचित पहल गर्नैपर्छ । आफ्ना नागरिकको जिउ–धनको सुरक्षा गर्ने राज्यको कर्तव्य हो । यसका लागि कुटनीतिक एवम् कुशल राजनीतिक अग्रसरता देखाइनु पर्दछ । नागरिक जीवन रक्षाप्रति राज्य गम्भीर हुनै पर्छ र नागरिकले राज्यबाट सुरक्षाको प्रत्याभूति भएको अनुभूति गर्न पाउनु पर्दछ । चार दशकदेखि अकारण थुनिनु पर्दा, शारीरिक तथा मानसिक यातना खप्नु पर्दाको क्षतिप्रति भारत सरकार, त्यहाँको न्याय प्रदान गर्ने अङ्ग लगायत प्रहरी प्रशासनले क्षमायाचनासहित क्षतिपूर्ति उपलब्ध गर्न संवेदनशील पहल गर्नैपर्छ ।**

# कसरी जोगाउने जलथल जंगल ?

□ **कमल मादेन**

झापाको जलथल जंगल जैविक विविधताका दृष्टिले महत्वपूर्ण छ। त्यसबारे यो पंक्तिकारले चासो राखेर बेलाबखत लेख्दै आएको छ। गत २३ फागुनमा प्रदेश १ को भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयले जलथल जंगल भएर निर्माण गरिने सडकका निम्ति प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) प्रतिवेदन तयार गर्ने सम्बन्धमा जारी गरेको सूचनाले स्वाभाविक रूपमा ध्यान तान्यो।

करिब सात महिनाअघि स्थानीय सामुदायिक वन उपभोक्ता समूह सम्बद्ध व्यक्तिहरूसँग कुराकानी गर्दा झापास्थित हल्दीबारी गाउँपालिका-४ र ५ को संगम रहेको अधिकारी चोकभन्दा केही पूर्वबाट जलथल जंगलभित्र दक्षिणतर्फ जाने सडक खोलिँदै छ भनेर थाह भएको थियो।

उनीहरूले चिन्ता प्रकट गर्दै भनेका थिए- 'अधिकारी चोकबाट जलथल जंगल भएर दक्षिणतर्फ जाने बाटो छँदै छ। पहिले नै बाटो हुँदाहुँदै त्यसको डेढ किलोमिटर जति पूर्वतर्फबाट अर्को बाटो बनाउँदा जलथल जंगल खण्डित हुन्छ। भू-माफियाको मिलेमतोमा जंगल मास्ने योजना भइरहेको छ, थप सडक खोल्न रोक्नुपर्छ।'

स्थानीयले चिन्ता माने झैं जैविक तथा भौगोलिक विविधताका हिसाबले अत्यन्तै महत्वपूर्ण जंगल जोगाउन त्यसभित्र थप सडक बनाउनु हितकर हुँदैन। विकासको नाममा जंगलबाट सडक खोल्नु भनेको जैविक विविधता संकटमा पर्नु हो। यस्तो कार्य राज्यले बनाएका नीति नियमको प्रतिकूल पनि हुन्छ।

**अनौठो जंगल**

भौगोलिक दृष्टिले अनौठो जंगल हो, जलथल। त्यहाँ खोला, खोल्सा, सिमसार, पोखरी र कतै उच्च भू-भाग, खुला चौर आदि छन्। पहाड र तराई दुवैतिर हुने बडेमानका रूखहरू पाइन्छन्। त्यहाँ मसुरे कटुस, ढाल्ने कटुस, चिलाउने जस्ता पहाडमा पाइने वनस्पति पाइनु आश्चर्य मान्नुपर्छ। पूर्वी नेपालमा अत्यन्त विरलै पाइने थाकल (साइकस पेक्टिनाटा), रामफल (डिल्लेनिया इन्डिका), लटहर (एर्टोकार्पस चामा), ठेकीफल/ढेंडु झुला (एल्फोन्सिया भेन्ट्रिकोसा), बाँदर झुला (उभारिया ह्यामिल्टोनी) आदि प्रशस्त मात्रामा पाइन्छन्।

सल्लो वर्गको वनस्पतिमा पर्ने थाकल चुरेमा विरलै पाइन्छ। तराई क्षेत्रमा कतै पाइएको जानकारी छैन। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आईयूसीएन)को 'रेडलिस्ट' अन्तर्गत यो लोपोन्मुख (भल्नरेवल) प्रजाति हो। त्यसैगरी, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (साइटिस)मा समेत सूचीकृत गरिएका कारण थाकल महत्वपूर्ण हुने नै भयो।

थाकल पाइने विभिन्न देशमा यसको कलिलो पात तरकारीका लागि उपयोग गरिन्छ। यसको बोक्रा र बीऊ पिसेर तेल मिसाई बनाएको लेप छाला चिलाउने, फोका निस्केको, दुखेको ठाउँमा लगाउँदा लाभ हुने जानकारहरू बताउँछन्। यस्तै, पेटको वायु हटाउन र बान्ता रोक्न यसको कलिलो पातको जुस प्रयोग गरिन्छ भनेर लेखिएको पाइन्छ।

रामफल हात्तीका निम्ति स्वादिष्ट मानिन्छ। फलको आकार झन्डै स्याउ देखिने भएकाले यसलाई 'एलिफेन्ट एपल' पनि भनिन्छ। जलथल जंगलमा हात्ती रहनुको एक कारण रामफल पनि हो। रामफल शिशुलाई दूध खुवाउने महिलाका निम्ति उत्तम मानिन्छ। यसलाई पकाएर खाने गरिन्छ। साथै, यसबाट 'टनिक' र मादक पेय पदार्थ पनि बनाइन्छ। यो फलको रसलाई साबुनका रूपमा कपाल धुन प्रयोग गरिन्छ। यो वनस्पति पूर्वी नेपालबाट दक्षिण पूर्व एसियाको बर्नियोसम्म विरलै मात्रामा पाइन्छ। ठेकीफल एकदमै स्वादिष्ट फल हो। यो वनस्पति नेपालको सुनसरी जिल्लादेखि बर्माको दक्षिणी सीमासम्म पाइन्छ। ठेकीफलभन्दा सानो आकारको फल हुने बाँदर झुला पनि स्वादिष्ट हुन्छ। यो एउटै



झुप्पोमा धेरैवटा फल्छ।

लटहरको फल दुई हत्केलाभरिको हुन्छ। काँचो फल तरकारी तथा अचार बनाउन गरिन्छ भने पाकेपछि गुलियो र केही अमिलो हुन्छ। पाकेको लटहरको कोया कटहरको जस्तै, तर सानो हुन्छ। ओसिलो र चिस्यानयुक्त स्थानमा हुने यो वनस्पति सुनसरीदेखि एसियाको सबैभन्दा ठूलो द्वीप बोर्नियोसम्मका भूभागमा पाइन्छ। सुनसरी, मोरङमा चाहिँ एकाध वटा रूख मात्रै बाँकी छन्। गैरसरकारी संस्था फरेस्ट एक्सन नेपालका डा. लीलानाथ शर्माले ५ चैतमा इ-कागज अनलाइन पोर्टलमा प्रकाशित लेखमा जलथल जंगलमा लटहर प्रशस्तै पाइने उल्लेख गरेका छन्।

यो पंक्तिकारले नेपालमा सन् १९६८/६९ देखि अहिलेसम्म नदेखिएको मुसे मृग जलथल जंगलमा पाइने सन्दर्भमा गत २६ पुसमा हिमाल खबरमा प्रकाशित लेखमा लेखेको थियो। नेपालमा मुसे मृग हिजोआज जलथल जंगलमा मात्र बचेको अवस्था हुन सक्छ।

जलथल नेपालको संरक्षित वन्यजन्तुमा हात्तीको मुख्य बासस्थान हो। यसका साथै, चाइनिज प्याङ्गुलिन, अजिंगर पनि पाइन्छ। झापाका वन्यजन्तु अध्येता अस्मित सुब्बाले त्यहाँ राजधनेश (ग्रट हर्नविल) र इन्डियन प्याङ्गुलिन पनि फेला पारेका छन्। झापाकै देवेन खरेलले कालो स्टर्क भनिने संरक्षित पन्छी पनि जलथल जंगल आसपासमा रहेको उल्लेख गरेका छन्।

**विकासको नाममा दुर्नियत**

प्रदेश १ सरकारको यातायात पूर्वाधार निर्देशनालयका अनुसार, जलथल जंगलमा निर्माण गर्ने भनिएको प्रस्तावित सडकको लम्बाइ १७.३९ कि.मि. र चौडाइ ७.५ मिटर रहेको छ। सडकको करीब ५.५ किमि खण्ड जलथल जंगलमा भएर जान्छ। सडकको चौडाइ ५ रु. ५ मिटर हुने भनिए पनि दायाँ-बायाँ पानी बग्ने ड्रेन, बिजुलीका पोल आदि संरचना पनि थपिने भएकाले १०/१२ मिटर चौडा भू-भाग यसै ओगट्छ।

तर, अचम्म के छ भने, निर्देशनालयले जारी गरेको सूचनामा सडक खण्डमा जंगल पनि पर्छ भन्ने संकेतसम्म गरिएको छैन। निर्देशनालय अन्तर्गत पूर्वाधार विकास कार्यालय, झापाका इन्जिनियर सुजन दाहालले भने अधिकारी चोक पूर्वतर्फबाट प्रस्तावित सडक जलथल जंगल भएर जाने बताए। दाहालका अनुसार, पूरै नयाँ सडक बनाउने नभई मानिस हिँड्ने गरेको बाटोलाई नै स्तरोन्नति गर्न लागिएको हो। जब कि, मानिसहरू घाँस-दाउरा जाँदा हिँड्ने बाटो त अनेक हुन्छन्।

स्थानीयहरू प्रदेश सरकारले सडक नयाँ ठाउँमा खोल्ने योजना बनाएको बताउँछन्। जसलाई सूचनामा सडक स्तरोन्नति भनिनु सरासर बदमासी हो। स्तरोन्नति भनेको त भइरहेको बाटोलाई सुधार गरी फराकिलो पार्नु, गिटी बालुवा हाल्नु वा कालोपत्रे गर्नु हो।

प्रदेश १ का प्रदेश सभा सदस्य वसन्त बानियाँले केही महिनाअघिको फोन सम्पर्कमा 'प्रस्तावित सडकले जंगललाई केही क्षति गरे पनि जिल्लाको दक्षिणतर्फ बसोबास गर्ने जनताका लागि त्यो सडक बन्नु अपरिहार्य रहेको' बताएका थिए। यसबाट अधिकारी चोकबाट जंगल भएर दक्षिणतर्फ जाने बाटो बाहेक अर्को बाटो बनाउन लागिएको पुष्टि हुन्छ। सडक बनेपछि जग्गाको भाउ बढ्छ भनेर जलथल जंगल विनाश भए होस् भन्ने सोच जलथल जंगल दक्षिणतर्फका बासिन्दाको छ।

**कानून विपरीतको काम**

वन ऐन २०७६ को परिच्छेद १२ मा विकास आयोजना सम्बन्धी व्यवस्था शीर्षकमा 'राष्ट्रिय वनको कुनै पनि भाग वनक्षेत्रको भू-उपयोग परिवर्तन हुने गरी प्रयोग गरिने छैन' भनिएको छ। तर, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजना, राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न वनक्षेत्रको प्रयोग गर्न बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्न राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।

माथि चर्चा गरिएको प्रस्तावित सडक लगानी बोर्डबाट लगानी स्वीकृत भएको तथा राष्ट्रिय गौरवको आयोजना होइन। तर, सडक राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना अन्तर्गत पर्छ। वन ऐनमै उल्लेख भए अनुसार यस्ता आयोजना बनाउँदा विकल्प भएसम्म वैकल्पिक उपाय अपनाउनुपर्छ र त्यस क्रममा पनि वातावरणमा उल्लेख्य प्रतिकूल असर पर्न हुँदैन। त्यसमा पनि हल्दीबारीको अधिकारी चोकबाट दक्षिणतर्फ जाने बाटो पहिले नै छँदैछ।

जलथल जंगलमा सडक बनाउनु भनेको संघीय सरकारको नियमावली तथा आधारपत्रलाई प्रदेश सरकारको बलमिच्याइँ हो। प्रदेश १ सरकारले जारी गरेको 'मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना नियमावली २०७६' को दफा ३ (ज) मा ग्रामीण सडकले पर्यटन प्रवर्द्धन र विकासमा सहयोग पुग्ने उल्लेख छ। तर, जलथल जंगलको सन्दर्भमा प्रदेश सरकारले ठीक उल्टो अर्थात् विकास गर्ने नभई वन र जैविक विविधता मास्ने कदम चालेको छ।

सडक निर्माणले जलथल जंगल नाशिनेछ, वन्यजन्तु त्यहाँबाट विस्थापित हुनेछन्, महत्वपूर्ण वनस्पतिका प्रजाति मासिने छन्। यो 'मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना नियमावली २०७६' को भावना र संघीय सरकारको कानून लत्याउने कार्य हुनेछ। यदि प्रदेश सरकार वन सम्पदा र जैविक विविधताप्रति संवेदनशील छ भने अधिकारी चोकबाट दक्षिणतर्फ जंगल भएर जाने हालको बाटो पनि बन्द गरी जंगलको पश्चिमबाट सडक लैजाने प्रबन्ध मिलाउनतिर लाग्नेछ। *हिमाल खबर*

# भान्सामा पुरूष सहभागिता खोई ?

□ **पशुपति कुँवर**

घरायसी कार्य, बालबच्चाको लालनपालन र वृद्धवृद्धा स्याहार महिलाको जीवनका महत्वपूर्ण काम हुन्। जुन कामको मूल्य नै नहुँदा महिलाहरू आर्थिकरुपमा परनिर्भर छन्। सामाजिकरुपमा बहिष्कृत छन्। र आत्म सम्मानबिना बाँचिरहेका छन्। महिलाहरूले दैनिक १४ देखि १८ घण्टा काममा ब्यस्त हुनु परेको छ। जो कामको राष्ट्रिय आयमा गणना हुन सकेको छैन। कामको प्रकृतिलाई हेर्दा वर्तमान समयमा महिलाहरूले तेहोरो भूमिका निभाउँदै आइरहेका छन्। उत्पादनशील काम, प्रजनन् तथा हेरचाह सम्बन्धी काम र सामुदायिक काम।

अहिले कामकाजी महिलाहरूमाथि बढी दबाब छ। उनीहरूमाथि घर र कार्यालयको दोहोरो जिम्मेवारी छ। दैनिक घरायसी काम, खेतीपातीको काम, बालबच्चा लानपालन, वृद्धवृद्धा हेरचाह र अतिथि सत्कार जस्ता काम महिलाहरूले गर्नु परेको छ। महिला सशक्तिकरणको लागि धेरै प्रयास भएता पनि महिलाहरूको अवस्थामा खासै परिवर्तन आउन नसक्नाको कारण घरायसी झमेलाबाट महिलाहरू बाहिर आउन नसक्नु प्रमुख हो।

घरको काममा जबसम्म पुरुष सहभागी हुन सक्दैनन् तबसम्म महिलाहरू घर बाहिरको काममा सफलता हासिल गर्न सक्दैनन्। महिलाहरूको विकासको बाधक तत्व भनेको घरायसी कार्यबोध नै सबैभन्दा बढी देखिन्छ। घरधन्दाको काम सबै महिलाहरूले गर्नुपर्ने बाध्यता छ। निजामती कर्मचारी, सरकारी तथा गैर सरकारी क्षेत्रमा कार्यरत सामाजिक सहजकर्ता होस् या महिला नेता जेसुकै पदमा जुनसुकै जिम्मेवारी निर्वाह गरे पनि अधिकांश महिलाहरूले घरायसी कार्यभार सम्हाल्नै पर्ने महिलाहरूको ठेका जस्तै मानिन्छ।

छोरीलाई हुर्काउने प्रक्रियादेखि नै घरको सम्पूर्ण काम सिकाइन्छ। न सिके पनि परिवार समाजले सिकाउन बाध्य पार्छ। तर, छोरालाई प्रायः घरायसी काम गर्न लगाइँदैन। त्यसकारण घरको सम्पूर्ण कार्यभार महिलाको जिम्मामा पर्दछ। घर व्यवस्थित पार्नेदेखि लिएर अथिति सत्कार जस्ता कार्यमा महिलाहरू अग्रसर हुनैपर्ने र यस्तो कार्यमा महिलाले केही गल्ति गरे 'कस्तो महिला' भनेर नामाकरण गरिन्छ। तर, पुरुषहरूले यस्तो कार्यमा बढी चासो देखाए समाजमा खिल्लि उडाउने प्रचलनले गर्दा पुरुषहरू घरायसी कार्यबाट टाढा रहन्छन्। त्यसको प्रत्यक्ष असर महिलाको जीवनमा परेको छ। आज महिला विकासको लागि राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने संविधानिक व्यवस्था हुँदाहुँदै पनि महिलाहरूको अर्थपूर्ण सहभागिता नभएको अवस्था छ।

कुनै जमानामा महिलाहरूले केवल घरायसी कार्य र बालबच्चाको लालनपालन जस्ता कार्यमा मात्र ब्यस्त हुनु परेको थियो। अब त्यो जमाना रहेन किनकि महिला र पुरुष दुबैको सहभागिताबिना विकास असम्भव छ।

जसको फलस्वरुप विगतको भन्दा अहिले हरेक क्षेत्रमा महिलाहरूको सहभागिता अभिबृद्धि हुँदै आएको छ। यसरी विभिन्न क्षेत्रमा महिलाहरूको सहभागिता बृद्धि हुनु सकारात्मक परिवर्तन हो। महिलाहरूको घर बाहिरको काममा पहुँच बढे पनि घरभित्रको कार्य बोझमा कमी आउन नसक्दा महिलाहरू थप मारमा परेका छन्। जसले गर्दा महिला तथा बालबालिकाको स्वास्थ्यमा असर परिरहेको छ। बालबच्चालाई दिनुपर्ने जति समय दिन पाएका छैनन्।

समाज र परिवारलाई प्रजातान्त्रिक प्रक्रियाबाट अगाडि बढाउन र समातामूलक समाजको निमार्ण गर्नको लागि हरेक क्षेत्रमा महिला र पुरुषको सहभागिता अति आवश्यक छ। महिलाहरू संसदमा जान जति आवश्यक छ, त्यति नै पुरुष भान्सामा जान आवश्यक देखिन्छ। घरबाहिर र घरभित्रको हरेक कार्यमा महिला र पुरुष दुबैको सहभागिताबिना विकास अपुरो हुन्छ भन्ने कुरा हाम्रा



विगतका अनुभवले देखाइ सकेको छ। अबको नयाँ पुस्ताले घरको काम महिलाको मात्र ठेका होइन भन्ने मनन् गर्नु पर्दछ। 'महिला पुरुष बराबरी, घरायसी काम सराबरी' भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्नुपर्छ।

आमा-बुवाले पनि छोराछोरी दुबैलाई असल मूल्य र मान्यता सिकाउनु पर्दछ। छोरीसरह छोरालाई पनि घरायसी कामको लागि उत्प्रेरणा जगाउने, घरको सरसफाई, खाना पकाउने, आफूले खाएको थाल र आफ्ना लुगा आफै धुने, जस्ता काममा सहभागी गराउन पर्छ। जसले गर्दा छोरा पनि छोरीसरह अनुशासन र जिम्मेवारीको बोध गर्दछन्। उनीहरूलाई डाढु-पन्यू चलाउन दिनुपर्छ, जसले गर्दा उनीहरूले हँसिया र तरबार चलाउन नसिकुन्। प्रत्येक व्यक्तिको पहिलो पाठशाला घर-परिवार नै हो उसले घर परिवारबाट जस्तो पाठ सिक्छन्, उसको व्यक्तित्व त्यस्तै बन्छ।

अहिले पनि धेरै मानिस यस्ता छन्, जो आफूले खाना खाएको थाल धुनु परे आफू अपमानित भएको महशुस गर्दछन्। दिनभर लैङ्गिक विभेद भो भनेर भाषण गर्ने तर आफूले खाना खाएको थाल समेत अरुलाई धुन लगाउने कुरा लाजैमर्दो होइन र ? धाल धुने कुरा सानो हो। तर, यसले परिवारमा ठूलो विभेद गरेको छ। यही कारणले महिलाको कति कार्यबोझ थपिएको छ भन्ने कुराको कसैले लेखाजोखा राखेको छ ?

अहिलेको आधुनिक र सभ्यताको युगमा यस्तो सानो कुराले गर्दा हामी नेपालीहरू कुन युगमा छौं जस्तो आभाष हुन्छ। महिला विकासका लागि जति धेरै नीति नियम बने पनि जबसम्म सामन्तबादी चिन्तनमा सकारात्मक परिवर्तन आउन सक्दैन, तबसम्म महिलाले मुक्ति पाउन सक्दैनन्। महिलाहरूलाई एउटै समयमा धेरै जिम्मेवारी बहन गर्नुपर्ने बाध्यता छ। जब एउटा महिला आमा बन्छिन् तब उसको सम्पूर्ण समय बच्चाको पालनपोषणमा बित्छ। जसले गर्दा सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रका महिलाको भूमिका साघुरो हुँदै जान्छ। यही कारणले सन्तान जन्माइ सकेपछि महिला काम गर्न सक्दिनन् भनेर विभिन्न अवसरबाट समेत वञ्चित गराइन्छ।

नेपालको संविधान २०७२ को मौलिक हकमा समेत महिलाको प्रजनन् अधिकारको व्यवस्था गरिएको छ। तर, व्यवहारिक रुपमा महिलाहरूले धेरै चुनौती बहन गर्नु परिरहेको छ। घरभित्रको काम, सामाजिक, आर्थिक र राजनीतिक काम सँगसँगै व्यवस्थापन गर्नु चानचुने कुरो होइन। कामकाजी महिलाहरूले परिवार र काम गर्ने संस्थाबाट थप सेवा र सुविधा पाउन सकेका छैनन्। स्तनपान गराउने समय, बच्चा हेर्ने व्यवस्था जस्ता प्रमुख क्रियाकलापमा सकारात्मक विभेद नगरेसम्म महिलाहरू सामाजिक क्षेत्रमा फडको मार्न सक्दैनन्। हरेक क्षेत्रमा महिला सहभागिताको कुरो उठे पनि भान्सामा पुरुष सहभागिताको कुरो उठ्न सकेको छैन। महिला घरबाहिर जानका लागि पुरुष घरभित्र आउन सक्ने वातावरणको सृजना गरिनु पर्दछ।

# नेपाल-भारत मैत्री संघको अध्यक्षमा पुन: सरावगी



**भद्रपुर, चैत ९।** भद्रपुरका उद्योगपति तथा प्रदेश सांसद ओमप्रकाश सरावगी नेपाल- भारत मैत्री संघको केन्द्रीय अध्यक्षमा पुन: निर्वाचित भएका छन् ।

सरावगी तेस्रो कार्यकालका अध्यक्ष पदमा निर्वाचित भएका हुन् । नेपालगञ्जमा भएको संस्थाको सातौं केन्द्रीय महाधिवेशनमा उनका प्रतिद्वन्द्वी राजकुमार सिँधीलाई १०४ मतको अन्तरले पराजित गर्दै अध्यक्षमा सरावगी निर्वाचित भएका हुन् ।

सरावगीले ३०३ मत ल्याएका छन्, भने सिँधीले १८९ मतले ल्याएको नेपाल भारत मैत्री संघ झापाका अध्यक्ष प्रदीपमणि रेग्मीले जानकारी दिए । यस्तै संघको वरिष्ठ उपाध्यक्षमा सप्तरीका शैलेन्द्र मोहन झा र महासचिवमा झापाका बोधकृष्ण सुवेदी निर्वाचित भएका छन् ।

# कचनकवलमा ‘रेजिलेन्ट स्कुल फर इम्प्रुभ्ड लर्निङ’ परियोजना

**बिर्तामोड, चैत ९।** नारी कल्याण समाज झापाको आयोजना तथा गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा कचनकवल गाउँपालिकाको १० वटा विद्यालयहरुमा ‘रेजिलेन्ट स्कुल फर इम्प्रुभ्ड लर्निङ’ परियोजना सञ्चालन भइरहेको छ ।

‘रेजिलेन्ट स्कुल फर इम्प्रुभ्ड लर्निङ’ परियोजना अन्तर्गत कचनकवल-५को जानकी आधारभूत बिद्यालयमा अत्याधुनिक भवन र सेनिटरी प्याड सहितको महिला तथा अपाङ्गमैत्री शौचालय , कचनकवल-४को महेन्द्ररत्न माविमा सेनिटरी प्याड सहितको महिला तथा अपाङ्गमैत्री शौचालय, कचनकवल-१को बुद्ध माविमा सेनिटरी प्याड सहितको महिला तथा अपाङ्गमैत्री शौचालय निर्माण भइरहेको नारी कल्याण समाज झापाकी अध्यक्ष प्रेमा भट्टराईले जानकारी दिइन् ।

त्यस्तै शिव मावि, मोती मावि, लक्ष्मी मावि, जनता मावि र सरस्वती आधारभूत बिद्यालयमा शौचालय मर्मत तथा स्वच्छ खानेपानीको



व्यवस्थापन, जानकी मावि र लक्ष्मीप्रसाद देवकोटा माविमा स्वच्छ खानेपानी व्यवस्थापनको काम समेत भइरहेको उनले जानकारी दिइन् ।

उक्त परियोजना सञ्चालनका लागि एक करोड ३९ लाख रुपैयाँको लागतमा १० वटै बिद्यालयमा स्वच्छ खानेपानी सहित भौतिक संरचना निर्माण भइरहेको उनले जानकारी दिइन् ।

यसैबीच ‘रेजिलेन्ट स्कुल फर इम्प्रुभ्ड लर्निङ’ परियोजना सञ्चालन भइरहेका १० वटा बिद्यालयका प्रधानाध्यापक , शिक्षक , विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र बिद्यार्थीका लागि ६ दिने क्षमता अभिबृद्धि तालिम आइतबारबाट शुरु भएको छ ।

नारी कल्याण समाज झापाकी संस्थापक अध्यक्ष कमला उप्रेतीको अध्यक्षता तथा प्रदेश सांसद बशन्त बानियाँको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नारी कल्याण समाजका कार्यक्रम अधिकृत बाबुराम पौडेलले स्वागत गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि प्रदेश सांसद बानियाँले प्रदेश सरकारका तर्फबाट संस्थाले गरेको कार्यमा सहयोग गर्ने बताए ।

कार्यक्रममा कचनकवल-६का वडाध्यक्ष कुलबहादुर कार्की, कचनकवल-४की वडासदस्य मुस्तक कोमा खातुन, सामाजिक व्यक्तित्व नवराज खरेल, महेन्द्ररत्न माविका प्रधानाध्यापक मोहनप्रसाद सिंह राजवंशी लगायतले नारी कल्याण समाज झापाले गरेको कार्यको प्रशंसा गरेका थिए ।

आगामी फागुन १३ गतेसम्म सञ्चालन हुने तालिमको सहजीकरण कचनकवल गाउँपालिका स्वास्थ्य शाखाका महेश नेपाल, स्मृति पाण्डेलगायतले गरिरहेका छन् ।

कार्यक्रमको सञ्चालन नारी कल्याण समाज झापाकी अध्यक्ष प्रेमा भट्टराईले गरेकी थिइन् ।

# विद्यार्थीलाई विपद् उद्धार जनचेतना

**झापा, चैत ९।** झापाको बिर्तामोडस्थित देवी माध्यमिक विद्यालयमा विपद् उद्धार जनचेतना कार्यक्रम सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी बल २ नम्बर हेडक्वाटरद्वारा देवी माविका ९ देखि १२ कक्षामा अध्ययनरत् विद्यार्थीहरुलाई विपद् उद्धार सम्बन्धी प्रशिक्षण प्रदान गरिएको हो ।

चैत वैशाखको समयमा आगलागीका घटना बढ्ने भएकाले सशस्त्र प्रहरीले विपद्को समयमा कसरी उद्धार गर्ने भन्ने विषयमा प्रयोगात्मक ढङ्गले विद्यार्थीलाई प्रशिक्षण प्रदान गरेको हो ।

विद्यालयमा गरिएको कार्यक्रममा आगलागी नियन्त्रणको प्रयोगात्मक अभ्यास समेत गरिएको थियो । कार्यक्रममा विद्यालयकी प्रधानाध्यापक अम्बिका श्रेष्ठ, सशस्त्र प्रहरीका झापा प्रमुख प्रहरी उपरीक्षक रमेशकुमार पाण्डे लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा शिक्षक उमेश साहले सहजीकरण गरेका थिए ।

# छठ समाजको साधारणसभामा सम्मान

**बिर्तामोड, चैत ९।** छठ समाज सेवा समिति बिर्तामोडको बाह्रौं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष घनश्याम चौधरीको अध्यक्षता तथा झापा गाउँपालिकाका अध्यक्ष जयनारायण शाहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष सञ्जयकुमार शर्माले स्वागत गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि झापा गाउँपालिकाका अध्यक्ष शाहले छठ समाज सेवा समिति बिर्तामोडको भवन निर्माणका लागि आफ्नो तर्फबाट दुई लाख रुपैयाँ प्रदान गर्ने घोषणा गरेका थिए ।

कार्यक्रममा नेपाली काँग्रेसका नेता भगीरथ पोद्धार, नेपाल चिकित्सक संघ मेचीका अध्यक्ष डा. सीपी यादव, संस्थाका पूर्वअध्यक्ष तथा सल्लाहकार देवेन्द्रकुमार सिंहलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा संस्थाको विभिन्न गतिविधिमा संलग्न भएर संस्थाको श्रीवृद्धिमा पुर्‍याएको योगदानको कदर गर्दै संस्थाका जनसम्पर्क





अधिकारी दीपक साफी र सदस्य बरुणकुमार चौधरीलाई दोसल्ला र कदरपत्रद्वारा सम्मान गरिएको थियो । त्यस्तै अध्यक्ष चौधरीलाई कार्यसमितिका पदाधिकारीले दोसल्ला र मायाको चिनो प्रदान गरेका थिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष चौधरीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष राजकुमार शाहले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

२०६६ सालमा छठ पूजा गर्न रामप्रित शर्माको संयोजकत्वमा छठ समाज सेवा समिति गठन गरी छठ पूजा गर्दै आए पनि पछिल्लो समय विभिन्न सामाजिक कार्यमा संलग्न आइरहेको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

संस्थाले एक वर्षमा पाउ पाथीभरामा भण्डारा, वृद्धाश्रममा आँखा शिविर, चश्मा वितरण, औषधि वितरण, अपाङ्गता भएका वालवालिकालाई कपडा, स्वीटर वितरण गरेको प्रतिवेदनमा उल्लेख छ ।

कोरोना कहरमा संस्थाले बिर्तामोडको कोरोना कोषमा ३० हजार रुपैयाँ, बिर्तामोड-१ को कोरोना कोषमा पाँच हजार रुपैयाँ, एकका लागि एक अभियानमा ११ हजार रुपैयाँ प्रदान गरेको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी बिर्तामोड नगरपालिकामा एक लाख ५० हजार रुपैयाँ बरावरको खाद्यान्न वितरण, बाह्रदशी गाउँपालिकामा ५० हजार रुपैयाँ बरावरको खाद्यान्न वितरण, विद्युत् प्राधिकरण नजिकको टोलमा ६० घरपरिवारलाई खाद्यान्न वितरण, सैनिक मोडमा नि:शुल्क खाना खुवाउने कार्यक्रममा खाद्यान्न सहयोग, नयाँ समावेसी टोल बिर्तामोड-३मा नि:शुल्क खाना खुवाउने कार्यक्रममा खाद्यान्न सहयोग गरेको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै २०७६ वैशाख २६ गते छठ समाज सेवा समिति बिर्तामोडको भवन शिलान्यास भएर भवनको निर्माण भइरहेको र भवन निर्माणका लागि प्रदेश साँसद एकराज कार्कीको पहलमा दश लाख रुपैयाँ प्रदान गरेको, क्षेत्र नं. २की सांसद पवित्रा निरौला खरेलको पहलमा तराई-मधेश सम्वृद्धि कार्यक्रमबाट २९ लाख रुपैया विनियोजन भएर भवन निर्माण गरिरहँदा पछि पुन: ५० लाख रुपैयाँ विनियोजन भएर भवन निर्माण भइरहेको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा संस्थाका पूर्व अध्यक्षहरु रामप्रित शर्मा, प्रेमचन्द्र चौधरी, निवर्तमान अध्यक्ष शत्रुधन चौधरी, छठ युवा फ्रन्टका अध्यक्ष सुरज चौधरी, छठ महिला मञ्चकी संयोजक हेमलता चौधरी, इन्द्रेणी क्याम्पसका निर्मलकुमार पाण्डेलगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन संस्थाका महासचिव मनोजकुमार शाहले गरेको सचिव शत्रुघन गुप्ताले जानकारी दिए ।

# लागूऔषधसहित छ जना पक्राउ

**झापा, चैत्र ९।** झापा र सुनसरीबाट लागूऔषध एन्फाटामाईन आईस र ब्राउनसुगरसहित छ जना पक्राउ परेका छन् ।

लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरीको टोलीले बिर्तामोड-३बाट लागूऔषध एन्फाटामाईन आईस र ब्राउनसुगरसहित चार जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा कचनकवल-६का २५ बर्षीय पञ्चानन्द राजवंशी, कचनकवल-७का ५० बर्षीय हेमनायायण राजवंशी, मोरङ उर्लावारी-६का २० बर्षीय बिष्णु पोद्दार र उर्लावारी-५का १६ बर्षीय बालक रहेका छन् ।

यसैगरी झापाकै बुद्धशान्ति गाउँपालिका-३ बाट स्थानीय २६ बर्षीय सुवास लिम्बू ब्राउनसुगरसहित पक्राउ परेका छन् । इलाका प्रहरीको टोलीले उनलाई पक्राउ गरेको हो । यस्तै सुनसरीको धरान उप-महानगरपालिका-२ बाट पाँचथरको फिदिम-१का २३ बर्षीय सुवास आचार्य लागऔषधसहित पक्राउ परेको प्रहरीले जनाएको छ ।


## आवश्यकता

हार्डवेयरमा काम गरेको Account cum Markting १ जना चाहियो ।
**योग्यता :** – +२ Commerce
– Sanitari **पसलमा काम गरेको**
– VAT **सम्बन्धी ज्ञान भएको**
**सम्पर्क: ९८५२६५१२७२**

## राहदानी हरायो

सुरुङ्गाबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७।१०।२० गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- मनिष बस्नेत
**ठेगाना साविक**:- सुरुङ्गा-३, झापा
**हाल**:- कनकाई नपा-२, झापा
**राहदानी नं.**:- ४४६६९८४

## राहदानी हरायो

चारआलीबाट बिर्तामोड जाने क्रममा यही मिति २०७७।१०।०९ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- सन्तोष गिरी
**ठेगाना साविक**:- चारआली-४, झापा
**हाल** :- मेचीनगर नपा-१३, झापा
**राहदानी नं.**:- ०७७१७८१८

## राहदानी हरायो

सुरुङ्गाबाट बिर्तामोड जाने क्रममा यही मिति २०७७।१०।२० गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- निशान खवास भुजेल
**ठेगाना**:- कनकाई नपा-१, झापा
**राहदानी नं.**:- १०३६८६५०
**सम्पर्क** : ९८२४९०४१७२

## विरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ । साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ ।

**फाल्गुनन्द आयुर्वेद फार्मेसी**
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा
मो. ९८४२६४३६१८/९८०४९९४८८०

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




**सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

‘चट्ट फोन झट्ट सेवा’



**सम्पर्क: ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**

## Kontrakt Courier Trans Air Courier

A Complite Solution For Courier & Logistics Service Domestic & International Courier Cargo Service.

**Branch Office**
Bhadrapur Road, Sanima Bank opposite Birtamode, jhapa (**ph: 023-536735**)

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : **MUMBAI SAGA**

पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३० ।

**बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)**




## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

**अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य: ९८४२६२३१५२**

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक उद्योगको लागि मार्केटिङ्ग सम्बन्धी ज्ञान भएका १० कक्षा उत्तीर्ण केही कर्मचारी आवश्यक भएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
**तलब : आपसी समझदारीमा**
**सम्पर्क : ९८१६०५२६५५**
*नोट: महिलालाई विशेष प्राथमिकता दिइनेछ ।*

## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।
**लेखापाल : १ जना**
**योग्यता : +२ पास (अनुभवी)**

**सेक्टरवान सेक्यूरिटी सर्भिस**
बिर्तामोड, झापा
**फोन सम्पर्क : (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)**

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००/- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ । यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला । सिट सिमित छ ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




**दमक सम्पर्क:**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

**झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।**

## हाडजोर्नी तथा नसाका विरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही चैत्र ५ गते बिहीबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराइ मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय :** बिहान ८:०० बजेदेखि ३:०० बजेसम्म

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)




**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** नोकरी तथा व्यवसायमा विशेष फाइदा होला । आफ्नै रुचिका विषयमा लगानी बढाउन सकिनेछ । वैदेशिक रोजगारीको अवसर आउला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ । दिगो फाइदा हुने योजना बन्न सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** आफूलाई धेरै लाभ नभए पनि सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम बन्न सक्छ । मान सम्मान बढ्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अवसरवादीहरूबाट सजग रहँदै गोपनीयतामा ध्यान पुऱ्याउनुहोला । रोकिएका काम दोहोऱ्याउन सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बाध्यात्मक परिस्थितिले अलमल्याउन सक्छ । न्यून उपलब्धिमा चित्त बुझाउन नसकिएला । चित्त बुझाउने प्रयत्न गर्नु होला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रतिक्षित नतिजा प्राप्त गर्न काम दोहोऱ्याउनुपर्ने हुनसक्छ । केही विवादास्पद जिम्मेवारी पनि वहन गर्नुपर्ला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** घरेलु समस्यामा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ । आमा तथा पत्निको सहयोग मिल्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** शुभचिन्तकहरूको साथले कर्मयोग बलियो रहनेछ । चिताएका काममा योजना बनाएर प्रारम्भ गर्नुहोला ।